आज मिति २०७९ साल जेष्ठ २७ गते शुक्रबारको दिन विहान ११:०० बजे विगु गाउँपालिकाका का.वा. अध्यक्ष श्री देविका थामीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावउपर छलफल गरी देहायानुसार निर्णय गरियो ।

उपस्थिती :

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| 2 | देविका थामी | का.वा.अध्यक्ष | 9844395653 | |
| 3 | मेम वहादुर तमाङ | वडा अध्यक्ष - १ | 9844465149 | |
| 4 | दिपक ठकुरी | वडा अध्यक्ष - २ | 9844306572 | |
| 5 | ढाल बहादुर तमाङ | वडा अध्यक्ष - ३ | 9864004147 | |
| 6 | राम चन्द्र खड्का | वडा अध्यक्ष - ४ | 9863637498 | |
| 7 | काले शेर्पा | वडा अध्यक्ष - ५ | 9844238430 | |
| 8 | टहल बहादुर थामी | वडा अध्यक्ष - ६ | 9854045940 | |
| 9 | दल बहादुर श्रेष्ठ | वडा अध्यक्ष - ७ | 9849180321 | |
| 10 | हिरा थामी | वडा अध्यक्ष - ८ | 9866419510 | |
| 11 | गोमा के.सी. | कार्यपालिका सदस्य | 9844196396 | |
| 12 | ज्योती माया थामी | कार्यपालिका सदस्य | 9844555899 | ज्योती |
| 13 | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | 9851053461 | |
| 14 | टलमाइ तमाङ | कार्यपालिका सदस्य | 9866438101 | |
| 15 | मैया नेपाली | कार्यपालिका सदस्य | 9860410065 | |
| 16 | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | 9864002654 | |
| 17 | शैलेन्द्र भण्डारी | प्रमुख प्रशासकिय अधिकृत | 9851249262 | |
| 18 | पुजन प्रसाद अधिकारी | प्रशासन अधिकृत | 9840075286 | |
| | | | | |

प्रस्तावहरु :

१. आव २०७८।०७९ को योजना तथा कार्यक्रमको हालसम्मको प्रगती समिक्षाका सम्बन्धमा ।

२. विगु गाउँपालिकाका विषयगत समिती निर्माणको सम्बन्धमा ।

क) न्यायिक समिती : संविधान धारा २१७

ख) स्थानीय राजस्व परामर्श समिती : स्थानीय सरकार संचालन ऐन दफा ६५

ग) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती : स्थानीय सरकार संचालन ऐन दफा ६६

घ) बजेट तथा कार्यक्रम तर्जुमा समिती : स्थानीय सरकार संचालन ऐन दफा ६७

ङ) योजना अनुगमन समिती :

३. स्थानीय तहका सेवाको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश बमोजिम छैटौं तहको कर्मचारी श्री पुजन प्रसाद अधिकारीलाई सातौं तह कायम गर्ने सम्बन्धमा ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रमको खर्च शिर्षक स्रोत परिवर्तन गर्ने सम्बन्धमा ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको भैसे सडक सालीङ योजना को सट्टा जगत ठाडी ग्रामीण सडक सोलिङ निर्माण योजनालाई प्राथमिकता दिने सम्बन्धमा ।

६. निर्माणाधिन ४ नं. वडा कार्यालय र ७ नं. वडा कार्यालय निर्माणव्यवसायीलाई कार्यसम्पन्न ढिलाई गरेकोले कालोसूचीमा किन नराख्ने भनी पत्राचार गर्ने सम्बन्धमा ।

७. विगु ७ मा सम्पन्न ककलिङ छोइताङ ठिङसाङ सडक स्तरोन्नती योजनाको मूल्यांकन समयाबधि ( Hour basis) को आधारमा गर्ने सम्बन्धमा ।

८. सवारी दुर्घटनाको खर्च व्यहोर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ का सम्बन्धमा विगु गाउँपालिका आव २०७८।०७९ का लागि स्वीकृत सम्पूर्ण योजना तथा कार्यक्रमहरु विषयगत शाखा प्रमुखबाट प्रस्तुत भई उक्त योजना तथा कार्यक्रमहरुको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा विगु गाउँपालिकामा विकास निर्माण तथा सेवा प्रवाहलाई व्यवस्थित गर्नको लागि तपसिलका विषय गत समितीहरु निर्माण गरियो ।

क) न्यायिक समिति
संयोजक : उपाध्यक्ष श्री देविका थामी
सदस्य : काले शेर्पा (वडाध्यक्ष ५)
सदस्य : गोमा केसी (कार्यपालिका सदस्य)

देविका थामी
कार्यबाहक अध्यक्ष

ख) स्थानीय राजस्व परामर्श समिती
संयोजक : उपाध्यक्ष श्री देविका थामी
सदस्य : हिरा थामी (वडाध्यक्ष ८)
सदस्य : प्रमुख प्रशासकीय अधिकृत
सदस्य : टल माई तमाङ (कार्यपालिका सदस्य)
सदस्य : निजी क्षेत्र..............
सदस्य : घरेलु ................
सदस्य सदस्य : लेखा शाखा प्रमुख

ग) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती
संयोजक : अध्यक्ष श्री संजिव ओली
सदस्य : उपाध्यक्ष श्री देविका थामी
सदस्य : दिपक ठकुरी (वडाध्यक्ष २)
सदस्य : मेम बहादुर तमाङ (वडाध्यक्ष १)
सदस्य : लोक बहादुर नेपाली (कार्यपालिका सदस्य)
सदस्य : ज्योती माया थामी (कार्यपालिका सदस्य)
सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

घ) बजेट तथा कार्यक्रम तर्जुमा समिती
संयोजक : उपाध्यक्ष श्री देविका थामी
सदस्य : (संयोजकहरु) विषय गत क्षेत्र हेर्ने कार्यपालिका सदस्यहरु
सदस्य : प्रमुख प्रशासकीय अधिकृत
सदस्य सचिव : योजना शाखा प्रमुख

ङ) पालिका स्तरिय योजना अनुगमन समिती
संयोजक : उपाध्यक्ष श्री देविका थामी
सदस्य : सम्बन्धीत वडाको वडाध्यक्ष
सदस्य : प्रमुख प्रशासकीय अधिकृत
सदस्य : छिरिङ वाङ्दे शेर्पा (कार्यपालिका सदस्य)
सदस्य : मैया नेपाली (कार्यपालिका सदस्य)
सदस्य : प्राविधिक शाखा प्रमुख
सदस्य सचिव : योजना शाखा प्रमुख

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह कर्मचारी प्रशासन शाखा च.नं. ५८, मिति २०७६/०८/०५ को सिफारिस पत्र र लोक सेवा आयोग, पशनपत्र परिमार्जन एवम् अन्तर्वार्ता तथा सिफारिस महाशाखा (अन्तर्वाता तथा सिफारिस शाखा) को च.नं. १९, मिति २०७६/०८/०५ को सिफारिस पत्रानुसार विगु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, लादुक, दोलखाको

देविका थामी
कार्यबाहक अध्यक्ष

च.नं. ५३२, मिति २०७६/०८/०८ को पत्र बमोजिम स्थायी नियुक्ति हुनुभएका श्री पुजन प्रसाद अधिकारीलाई बागमती प्रदेश सरकारद्धारा मिति २०७८/१२/२४ प्रदेश राजपत्रमा प्रकाशित स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको दफा ६(१) मा उल्लेख भए बमोजिम स्थानीय सेवाको सातौ तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेकोले निजलाई मिति २०७८/१२/२४ देखि नै लागु हुने गरि उक्त अध्यादेश बमोजिम स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, शाखा अधिकृत सातौ तह कायम गरी सोही मितिबाटै निजले खाईपाई आएको तलबमा नघट्ने गरी ग्रेड मिलान गरी सातौ तह कायम गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रमको नं. ३११, मिति २०७९।०२।०४ गतेको पत्रानुसार (नेपाल सरकार भएकोमा IDA मा परिवर्तन गर्ने) खर्चको रिभर्स गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा विगु गाउँपालिका रोजगार सेवा केन्द्रले आ.व. २०७८।०७८ मा कार्यान्वयन हुने गरी निर्माण गरिएको आयोजना बैंकको विगु गाउँपालिका वडा नं. १ लामावगरको पहिलो र दोस्रो प्रा.नं. को योजना सम्पन्न गरीसकेको एवं तेस्रो प्रा.नं. को योजना पनि वडाको बजेटमार्फत सम्पन्न गरी सकेकोले, तेस्रो प्रा.नं. को भैसे सडक सोलिङ योजनाको सट्टा छैठौ प्रा.नं. को जगत ठाडी ग्रामिण सडक सोलिङ निर्माण योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं. ४ लादुक र वडा नं. ७ को निर्माणाधिन वडा कार्यालय भवन सम्पन्न कार्य ढिलाई भएको हुदाँ उक्त योजनाको ठेक्का लिने कम्पनी लामाबुद्ध निर्माणसेवा लाई कालोसूचीमा राख्ने प्रक्रिया अगाडी बढाउने प्रयोजनार्थ उक्त निर्माण व्यवसायीलाई किन कालो सूचीमा नराख्ने सम्बन्धमा स्पष्टिकरण सोधनी पत्राचार गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा विगु ७, विगुमा सम्पन्न ककलिङ छोइताङ ठिङसाङ सडक स्तरोन्नती योजनाको पालिकास्तरिय अनुगमन समितीद्धारा अनुगमन गरि प्राविधिक राय लिई त्यस सम्बन्धमा सुझबुझका साथ प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा विगु गाउँपालिकाको बा.प्र. ०१००२ भ ५५४१ को सवारी साधन ( एम्बुलेन्स) ले सिंगटी देखि काठमाडौ विरामी लैजाने क्रममा काठमाडौमा बा.प्र. ०१०२७ च ४४३९ को निजी सवारी साधनलाई ठक्कर दिदा भएको क्षतिपूर्तिबापतको जम्मा खर्च रु. ९९,०३४।- (अक्षरेपी उनान्नसय हजार चौतिस मात्र) ब्यहोर्ने निर्णय गरियो ।

देविका थामी
कार्यबाहक अध्यक्ष